nepalpostdaily .com

# नेपाल पोष्ट डेली

दैनिक

30°C । वर्ष :११, अंक : २५ पृष्ठ ४ । बिहीबार,२६ भदौ २०८२ । THURSDAY, SEPTEMBER 11, 2025 .nepalpostdaily.com । मुल्य ५ रुपैंया

## नेपालमा उत्पन्न परिस्थितिका कारण भारतले बढायो सीमा सुरक्षा सतर्कता

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२५ भदौ ।***

नेपाली जेनजीको आन्दोलनपछि उत्पन्न परिस्थितिलगत्तै भारतले नेपालसँग जोडिएका सीमावर्ती क्षेत्रमा सुरक्षा सतर्कता कडा पारेको छ। नेपालभरि कफ्यु आदेश जारी भएको र विभिन्न जिल्लाका कारागारबाट कैदीबन्दी भाग्ने घटना सम्भावना रहेकाले भारतीय सुरक्षाकर्मीहरुले चेकजाँचमा कडाइ गरेका हुन्।

पर्साको मुख्य नाका वीरगंजसहितका सीमावर्ती प्रवेश नाकामा भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले कडाइपूर्वक चेकजाँच गरिरहेको छ । शंकास्पद नेपाली नागरिकलाई भारत प्रवेशमा समेत रोक लगाइएका छन्। भारतको रक्सौल बजार हुँदै नेपाल छिरेका सर्वसाधारणका अनुसार सीमामा चेकजाँच निकै कडा पारिएको र



नेपालीहरुलाई भारत प्रवेश दिन एसएसबी ढिलासुस्ती गरिरहेको पाइएको छ । यसैबीच, नेपाली सेनाले देशको सम्पूर्ण सुरक्षाको जिम्मेवारी आफ्नो हातमा लिएपछि आन्तरिक सुरक्षा सतर्कता थप बढाइएको छ । कफ्यु कडाइपूर्वक कार्यान्वयन गरिएको हुँदा वीरगंजमा दुई दिनदेखि जारी प्रदर्शन आज दिनभर प्राय: बन्द भएको छ। सहर सुनसान बनेको छ भने सडकमा मानिसहरूको आवतजावत निकै कम देखिएको छ। वीरगंज कारागारबाट कैदीबन्दी भाग्ने प्रयास गरिएको भए पनि सुरक्षाकर्मीहरुले त्यसलाई विफल पार्न सफल भएका छन्।

## बीरगन्ज जेल र बाल सुधार गृहमा कैदी फरार ४ घाइते, ७८ बालबन्दी पक्राउ

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२५ भदौ ।***

बीरगन्ज कारागारको पर्खाल फोडेर भाग्ने प्रयास गरेका चार जना कैदी नेपाली सेनाको गोली लागेर घाइते भएका छन्। कारागारका कैदीहरूले मंगलबार मध्यराति देखि भाग्ने प्रयास सुरु गरेपछि नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना कारागारमा खटिएको थियो। प्रहरीका अनुसार कैदीहरूले पर्खालमा प्वाल बनाएर फरार हुन खोज्दा सेनाले नियन्त्रणका लागि गोली चलाएको थियो । गोली लागेर विकास जयसवाल, विकास लामा, संजिव साह र राजा कुमार घाइते भएका हुन् । घाइते चारै जनालाई बुधबार बिहान एम्बुलेन्समार्फत नारायणी अस्पताल पुर्याएर उपचार भइरहेको छ। कारागारलाई चारैतिरबाट नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले घेराबन्दी गरी नियन्त्रणमा लिएको छ । त्यस्तै, बीरगन्ज -४ स्थित




बाल सुधार गृहबाट १४६ बालबन्दी फरार भएका थिए, जस मध्ये ७८ जनालाई बुधबार प्रहरीले नियन्त्रणमा लिएको छ। बाँकी ६८ बालबन्दीको खोजीकार्य जारी रहेको पर्साका प्रहरी उपरीक्षक गौतम मिश्रले जानकारी दिएका छन् । सुरक्षा कमान्ड मंगलबार राति १० बजेदेखि नेपाली सेनाले लिएको थियो । त्यसपछि बुधबार बिहानदेखि वीरगन्जका चोक-चोकमा सेना परिचालन भई प्रदर्शन रोकिएको छ । वीरगन्जमा अनिश्चितकालीन कर्फ्यु जारी छ । सोमबार राति ९ बजेदेखि मंगलबार साँझसम्म कर्फ्यु लागू गरिएको थियो भने प्रदर्शन उग्र भई तोडफोड, आगजनी र लुटपाट सुरु भएपछि स्थानीय प्रशासनले मंगलबार साँझ ६ बजेदेखि अनिश्चितकालीन कर्फ्यु आदेश जारी गरेको थियो।

## कालिकामाई गाउँपालिकामा युवाहरुको आन्दोलन अध्यक्षको राजीनामा माग

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२५ भदौ ।***

पर्सा जिल्लाको कालिकामाई गाउँपालिकामा भ्रष्टाचार र अनियमितताको विरोधमा युवाहरुले आक्रोश प्रदर्शन गरेका छन् । उनीहरूले गाउँ कार्यपालिकाको कार्यालय नजिक टायर बालेर प्रदर्शन गरेका छन् भने पालिका अध्यक्षको घर अगाडि पनि राजीनामाको मागसहित शान्तिपूर्ण आन्दोलन सञ्चालन गरेका छन् । विरोध प्रदर्शन चर्किन सक्ने आशंकामा सुरक्षा कडाइ गरिएको छ । नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाली सेनासमेत घटनास्थलमा तैनाथ गरिएको छ । आन्दोलनकारी



युवाहरुले पालिकाको विकास बजेट दुरुपयोग भएको भन्दै तत्काल भ्रष्टाचारमा संलग्न व्यक्तिहरूलाई कारबाही गर्नुपर्ने र अध्यक्षले पदबाट राजीनामा दिनुपर्ने माग उठाएका छन् ।

## जेलबाट भागेका कैदी पक्राउ गर्दै रौतहट प्रहरी

***रौतहट,२५ भदौ ।***

मङ्गलबार राति गौर कारागारबाट फरार भएका कैदीलाई रौतहट प्रहरीले पक्राउ गर्ने अभियान तीव्र पारेको छ । जिल्ला प्रहरी कार्यालयका प्रमुख विनोद खड्काका अनुसार कारागारभित्र १३ जना फरार कैदीलाई आज बिहान सीमा क्षेत्रबाट नियन्त्रणमा लिइएको छ । सो कारागारमा कुल १९१ जना कैदी रहेका थिए भने हाल ६१ जना मात्रै भित्र रहेका छन् । अन्य फरार कैदीहरूको खोजीकार्य जारी रहेको खड्काले जानकारी दिए । जिल्लामा नेपाली सेना परिचालन भएपछि सहरी क्षेत्रमा वातावरण शान्त बनेको छ । यस्तै, मङ्गलबार जेनजी प्रदर्शनकारीहरूले चन्द्रपुर नगरपालिका, इलाका प्रहरी कार्यालय, डिभिजन सडक कार्यालय,




डिभिजन वन कार्यालय, जिल्ला ट्राफिक प्रहरी कार्यालयमा आगजनी गरेका थिए । प्रदर्शनकारीहरूले चन्द्रनिगाहपुरमा रौतहट घर भएका संघीय सांसद देवप्रसाद तिमलसिना, प्रदेशसभा सदस्य युवराज भट्टराई, नगरप्रमुख सञ्जयकुमार काफ्ले, सहायक प्रमुख जिल्ला अधिकारी किरणनिधि तिवारी र नेकपा एमाले चन्द्रपुर नगर कमिटी कार्यालयमा समेत आगो लगाएका छन् । साथै गौर नगरपालिकाको कार्यालय, एमाले र नेपाली कांग्रेसलगायत दलका कार्यालयमा समेत व्यापक तोडफोड र आगजनी भएको खड्काले बताए ।

## बीरगन्जमा उच्च सुरक्षा सतर्कता, गल्ली-गल्लीमा सेना गस्ती

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२५ भदौ ।***

पछिल्ला घटनापछि बीरगन्जमा सुरक्षा व्यवस्थालाई कडा पारिएको छ । मुख्य सडकदेखि गल्ली-गल्लीसम्म नेपाली सेनासहित ठूलो संख्यामा सुरक्षा बल परिचालन गरिएको छ । सुरक्षाकर्मीहरूले सर्वसाधारणलाई अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कन आग्रह गरेका छन् । यातायात, पसल र दैनिक गतिविधिमाथि समेत कडाइका साथ निगरानी गरिएको छ । नेपाली सेनाले शंकास्पद गतिविधि वा अवाञ्छित हर्कत देखिएमा तत्काल नजिकको



सुरक्षा निकायलाई जानकारी दिन स्थानीयवासीलाई अनुरोध गरेको छ । सुरक्षा निकायका अनुसार शहरका संवेदनशील क्षेत्रमा विशेष सतर्कता अपनाउँदै निरन्तर गस्ती भइरहेको छ, जसले सम्भावित जोखिमलाई रोकथाममा सहयोग गर्ने विश्वास लिइएको छ ।

## जसपा प्रदेश अध्यक्ष यादव मलंगवाबाट पक्राउ

***रौतहट,२५ भदौ ।***

जनता समाजवादी पार्टी (जसपा) का मधेश प्रदेश अध्यक्ष अशोक यादवलाई प्रहरीले पक्राउ गरेको छ ।जिल्ला प्रहरी कार्यालय सर्लाहीको टोलीले यादवलाई बुधबार दिउँसो मलंगवाको शिवसागर चोकबाट नियन्त्रणमा लिएको हो । प्रहरीले यादवमाथि प्रहरी उपरीक्षक (एसपी) लाई गालीगलौज गरेको, आपराधिक उपद्रव तथा राज्यविरुद्धको अपराधमा संलग्न भएको आरोप लगाएको छ। सर्लाही प्रहरीका प्रवक्ता डिएसपी सरोज राईका अनुसार, यादवले सर्लाहीका प्रहरी प्रमुखसँग फोनमा गालीगलौज गरेको अडियो केही दिनअघि सामाजिक सञ्जालमा भाइरल बनेको थियो । उक्त अडियो असारको अन्तिम सातामा मलंगवास्थित पूर्वाधार विकास कार्यालयमा भएको भुक्तानी विवादसँग सम्बन्धित रहेको र सोही क्रममा यादवले प्रहरी प्रमुखमाथि अभद्र भाषा प्रयोग गरेका थिए । सो घटना पछि फरार रहेका यादवलाई



प्रहरीले आज पक्राउ गरेको हो । प्रवक्ता राईका अनुसार, यादवलाई पक्राउ गरी अब थप अनुसन्धान प्रक्रिया अघि बढाइनेछ ।

## पर्साका सिडिओ सुवेदीलाई उच्च रक्तचापले स्वस्थ्यमा समस्या

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२५ भदौ ।***

भदौ ४ गते मात्रै पर्सामा सरुवा भएका सहसचिव तोयनारायण सुवेदी जेनजी आन्दोलन चर्किंदा उच्च रक्तचापले (प्रेसर) स्वस्थ्यमा समस्या भएका छन् । उनलाई मंगलबार साँझ घण्टाघरस्थित नेपाली सेनाको ब्यारेकमा रातभर उपचार गरिएको छ। उच्च स्रोतका अनुसार, आन्दोलन नियन्त्रणबाहिर गएपछि सुवेदीको स्वास्थ्य प्रतिकूल बनेको थियो । उपचारपछि उनको अवस्था सामान्य भएको जनाइएको छ। सुवेदी पर्सामा सिडिओ बनेका थिए, जब गृहमन्त्री रमेश लेखकले एकसाथ २७ सिडिओको सरुवा गरेका थिए । उनी भदौ १० गते पत्रकारहरूसँग इमानदार ढंगले काम गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । त्यसपछि भदौ १४-१५ गते गृहमन्त्री लेखकले पर्सामा उनलाई भेटेर आतिथ्यता समेत दिएका थिए।

बाँकी तेश्रो पृष्ठमा⇨

## बारामा कर्फ्यू लम्बियो

**नेपाल पोष्ट संवदाता**

***बीरगन्ज,२५ भदौ ।***

बारा जिल्लाभरि जारी कर्फ्यूको समय बिहीबार बिहान ६ बजेसम्म लम्बाइएको छ । प्रहरी नायब उपरीक्षक विजयराज पण्डितका अनुसार कर्फ्यू जिल्ला दक्षिणमा नेपाल-भारत दसगजा, उत्तरमा मकवानपुरको सिमाना, पूर्वमा रौतहटको सिमाना र पश्चिममा पर्सा जिल्लाको सिमानासम्म फैलाइएको छ ।सुरक्षा संवेदनशील क्षेत्रमा नेपाली सेनासहितका सुरक्षाबारामा कर्फ्यू लम्बियो, सुरक्षा सख्त सुरक्षा संवेदनशील क्षेत्रमा नेपाली सेनासहितका सुरक्षाकर्मीहरू लगातार पहरा दिइरहेका छन् । प्रशासनले कर्फ्यू उल्लंघन नगर्न सर्वसाधारणलाई आग्रह गरेको

बाँकी तेश्रो पृष्ठमा⇨

## नेपाल पोष्ट डेलीका लागि

| | |
|---|---|
| प्रकाशक | :- नेपाल पोष्ट मिडिया प्रा.लि. |
| सम्पादक | :- मनोज पटेल |
| कार्यकारी सम्पादक | :- संतोष साह |
| सह-सम्पादक | :- सरोज पटेल |
| सम्पर्क कार्यालय | :- वीरगन्ज महानगरपालिका पर्सा,नेपाल |
| मुद्रक | :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा |

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


## सम्पादकीय

### प्रहरी दमनको न्यायिक छानबिन होस्

सुरक्षाकर्मीलाई फूल दिएर माइतीघर मण्डलाबाट सुरु भएको जेनजी प्रदर्शन नयाँ बानेश्वर पुग्दा हिंसात्मक बन्न पुग्यो । कलिला युवा विद्यार्थीमाथि प्रहरीले गोली बर्सायो । सोमबार रातिसम्म १९ जनाको ज्यान गएको छ भने ३ सय ५० भन्दा धेरै घाइते भए । प्रदर्शनकारीमाथि प्रहरीको बर्बर दमनले शाही शासनकाल बिर्साएको छ । नेपालमा धेरै प्रयोगकर्ता रहेका सामाजिक सञ्जाल निष्क्रिय रहेकैबेला जेनजी पुस्ताले भ्रष्टाचारविरुद्ध आह्वान गरेपछि नै सरकारले बुझ्नुपर्थ्यो, सामाजिक सञ्जालमा पोखिएको आक्रोश सडकमा पनि आउन सक्छ । समयमै त्यसको हेक्का गर्न सकेको देखिएन । अर्को, आमनागरिकको असन्तुष्टि, निराशा र आक्रोश बेलैमा सम्बोधन गर्नु राज्यको दायित्व हो । बेवास्ता गर्दै जाँदा जुनसुकैबेला विस्फोट हुन सक्छ भन्ने दृष्टान्त जेनजी विद्रोह बनेको छ । शान्तिपूर्ण आन्दोलन भड्किनुका पछाडि पनि पक्कै थुप्रै कारण होलान् । प्रदर्शन त्यसै पनि नेतृत्वविहीन छँदै थियो । अगुवाइ गरेका जेनजी नेताहरूले माइतीघर मण्डलाबाट बानेश्वरको निषेधित क्षेत्र पुगेर प्रदर्शन समापन गर्ने भनेका थिए । तर जुलुश निषेधित क्षेत्र तोडेर बानेश्वरतर्फ अघि बढ्यो र संघीय संसद् भवनभित्र छिर्न खोज्यो । निषेधित क्षेत्र तोड्दासम्म संयम देखिएको प्रहरी प्रदर्शनकारीहरू संसद् भवन छिर्न थालेपछि संयम गुमायो र चर्को दमनमा उत्रियो । नियन्त्रणबाहिर गएको प्रदर्शनमा प्रहरीले अस्वाभाविक र अनियन्त्रित बल प्रयोगले ठुलो मानवीय क्षति पुगेको देखिन्छ । त्यसो त प्रहरी प्रशासनको सुरक्षा रणनीति पूरै असफल भयो । जेनजी प्रदर्शनलाई कम आँकेर आन्दोलनको आंकलन, मूल्यांकन र भीड व्यवस्थापनको राम्रो तयारी नगरेकैले एकातर्फ प्रदर्शनकारीहरू संसद् भवनमा तोडफोड र आगजनी गर्न पुगे भने अर्कोतर्फ कलिला युवाहरूले ज्यान गुमाउनुपऱ्यो । चैत १५ होस् वा २३ भदौ, निरन्तर कमान्ड हाँक्न असफल गृहमन्त्री रमेश लेखकले राजीनामा दिएका छन् । गृहमन्त्रीले राजीनामा गर्दैमा यति ठुलो दमनबाट सरकारले उन्मुक्ति पाउन सक्दैन । भ्रष्टाचार र नेपो बेबीविरुद्ध जेनजी पुस्ताले उठाएको माग सम्बोधन गर्नुपर्छ । सँगै नागरिकको मौलिक हकसमेत प्रभावित हुनेगरी सामाजिक सञ्जाल निष्क्रिय पार्ने सरकारी निर्णय फिर्ता लिनुपर्छ । प्रहरीको बर्बर दमनको उच्चस्तरीय न्यायिक छानबिन गर्नुपर्छ । बढ्दो दण्डहीनता अन्त्यका लागि पनि घटनाका प्रत्यक्ष दोषीमाथि कडा कारबाही गर्नैपर्छ ।

# जस्तो स्वभाव, उस्तै समाजसेवा

**होमबहादुर**

नेवार एउटा बृहत् शब्द हो, जुन अहिले नेवार जाति भनेर चिन्दछौं । नेपालको प्रायः सहरी क्षेत्रमा बसोबास गर्ने एक प्रसिद्ध जाति नेवार भनेर अर्थ्याइएको छ । देश नेपालको संघीय राजधानी काठमाडौं उपत्यका नेवार जातिको पुर्ख्यौली थलो हो । यसो त शासनसत्ताको बागडोर सम्हालेका समुदाय पनि हो, नेवार । कालिगड र व्यापारको क्षेत्रमा अग्रणी समुदायका रूपमा नेवार जातिलाई चिन्दछौं । व्यापार र कालिगडको प्रवर्धन गर्दै हरेक जिल्ला सदरमुकामदेखि महत्त्वपूर्ण बजार तथा सहरको विस्तार भएका थलोहरूमा नेवार जातिको बसोबास रहेको पाउँछौं । त्यसैले हुन सक्छ, नेवारले आफ्नो थर 'श्रेष्ठ' भन्छन् । 'सबै नेवार श्रेष्ठ होइनन्, काठमाडौं उपत्यका बाहिर गएपछि श्रेष्ठ भए भने दार्जिलिङतिर पुगेकाहरू प्रधान भएका छन्,' प्रसिद्ध लेखक भिक्टर प्रधानको कथन छ । यतिखेर इतिहासको प्रसंगबाट यो लेखअघि बढाउन चाहन्छु । 'काठमाडौं उपत्यकाका अन्य दुई जिल्लामा जस्तै भक्तपुर जिल्लाभित्रका कतिपय बस्तीहरू पनि प्राचीनकालदेखि विकास हुँदै आएका छन् । भक्तपुर, नगर, थिमी, चाँगु आदि बस्तीहरू प्राचीनकालदेखि बस्दै आएका हुन् । त्यस्तै अरू कतिपय बस्तीहरू मध्यकालमा विकास भएको पाइन्छ । ती ऐतिहासिक बस्तीहरूमा प्रारम्भदेखि नेवार समुदायको आवादी रहिआएको छ ।' डा. गोपाल धौबन्जारले 'काठमाडौं उपत्यकाका बस्तीहरू' अनुसन्धान



कृतिमा लेखेका छन्, 'भक्तपुर जिल्लाको दुईवटा प्रख्यात डाँडाहरू क्रमशः सूर्यविनायक वन र रानीवनबीचमा रहेको गुन्डु हो । यस ठाउँको उल्लेख प्राचीनकालदेखि हुँदै आएको देखिन्छ । विभिन्न ठाउँको जग्गा गुठी राख्ने क्रममा 'गुडन्दुलु' ठाउँको पनि उल्लेख भएको छ । अभिलेखमा उल्लेखित 'गुडन्दुलु' क्षेत्र वर्तमान गुन्डु गाउँ हुन सक्ने विश्वास गरिन्छ ।' यही भक्तपुरको गुन्डु गाउँबाट पाँच पुस्ताअघि जितबहादुर श्रेष्ठ ओखलढुंगा जिल्लाको हुलाक अड्डाको प्रमुख भएको गएका थिए । भक्तपुरमा हुँदा उनको पुर्ख्यौली थर देउबन्जार थियो । उनी जितबहादुर साहु भनेर पनि चिनिन्थे । उनले ओखलढुंगामै बिहे गरेका थिए । उनका तीन भाइ छोरा धनबहादुर श्रेष्ठ, नन्दराम श्रेष्ठ र सूर्यबहादुर श्रेष्ठको पुस्ता ओखलढुंगामै रजगत गरेर बसे । सूर्यबहादुरको एकमात्र छोरा होमबहादुर श्रेष्ठ भने ओखलढुंगा हुँदै काठमाडौंवासी भएर रहे । उनै होमबहादुर श्रेष्ठको यही भदौ १२ गते ८६ वर्षको उमेरमा निधन भएको छ । १९९७ वैशाख ३ गते ओखलढुंगा बजारमा जन्मिएका होमबहादुर श्रेष्ठ एक समाजसेवीका रूपमा परिचित छन् । होमबहादुर श्रेष्ठको विवाह सोलुखुम्बुको दोर्पुबजारमा जन्मिएका प्रेमकुमारी श्रेष्ठसँग २१ वर्षको उमेरमा मागी विवाह भएको थियो । प्रेमकुमारी श्रेष्ठको जन्म १९९६ असार ९ गते भएको थियो । श्रेष्ठ दम्पतीका सात भाइ छोरामध्ये एक भाइ सानैमा बितेका थिए । ६ भाइ छोरा र ४ छोरी छन् । जेठो राधेश्याम श्रेष्ठ पनि ३९ वर्षको उमेरमा बिते भने माइलो सीताराम, साइलो रामजी, काइँलो शिवजी, ठाइँलो रामविनय र कान्छो केन्द्र आमाका साथमा छन् । यसैगरी छोरीहरू जेठी विमला, माइली कल्पना, साइँली बिनीता र पविता श्रेष्ठ (रेखा) छन् । छोराछोरीतर्फका ८ नाति र १२ नातिनी तथा एक पनातिनी छन् । स्वास्थ्यका कारण होमबहादुर-प्रेमकुमारी दम्पती २०६२ सालदेखि ओखलढुंगाबाट काठमाडौं बालुवाटार टुँडादेवी मन्दिर नजिक घरबास गरी बसोबास गर्दै आए थिए र छन् । मातृभूमि पहिचान ट्रस्ट : चाणक्यले भनेका छन्, 'मानिस जन्मले होइन, कर्मले महान् हुन्छ ।' हो, कर्मका हिसाबले समाजमा होमबहादुर श्रेष्ठ अविस्मरणीय छन् । सामाजिक सेवा गर्ने मुख्य उद्देश्य राखेर होमबहादुर श्रेष्ठ र श्रीमती प्रेमकुमारी श्रेष्ठ दम्पतीको नामबाट 'होमबहादुर-प्रेमकुमारी श्रेष्ठ मातृभूमि पहिचान ट्रस्ट' संस्था निर्माण गरिएको छ । श्रेष्ठ दम्पतीका छोरा-बुहारीहरू, छोरी-जुवाइँबीच लामो समयसम्म पारिवारिक सरसल्लाहले ट्रस्ट गठन गरिएको हो । यो ट्रस्ट परिकल्पना र त्यसको गतिविधिलाई मूर्तरूप दिने काममा काइँला छोरा शिवजी श्रेष्ठको महत्त्वपूर्ण भूमिका छ । प्रसिद्ध सीमाविद् बुद्धिनारायण श्रेष्ठ अध्यक्ष रहेको यो संस्था कम्पनी ऐन, २०६३ अन्तर्गत दर्ता प्राप्त छ । यो ट्रस्ट मुनाफा वितरण नगर्ने जनहितकारी सामाजिक क्रियाकलाप गर्ने कम्पनीका रूपमा छ । कला, साहित्य, संस्कृति, पर्यटन, खेलकुद, शिक्षा, कृषि, स्वास्थ्य, मानवीय सेवा, वातावरण संरक्षण, मातृभाषा विकास, धार्मिक धामहरूको विकास, सामाजिक परिवर्तन, विकास तथा रूपान्तरण, पूर्वाधार विकास आदि विभिन्न ठोस कार्यहरू गरी देश विकासमा योगदान पुऱ्याउने संस्थाको मूल उद्देश्य रहेको छ ।यसैगरी, दम्पतीका पुर्ख्यौली जन्मघर वा थाकथलोलाई सांस्कृतिक संग्रहालयको रूपमा विकास तथा संरक्षण गर्ने रहेको छ । सामाजिक, सांस्कृतिक, कला, साहित्य, संगीत, पर्यटन आदि क्षेत्रमा योगदान पुऱ्याई

बाँकी तेश्रो पृष्ठमा

# मिसन ८४ मा राजनीतिक पाइला

**डी.बी. नेपाली 'दमु'**

विश्व राजनीतिक विचार, वाद वा वैचारिकी निर्माणका आधारहरू विभिन्न दृष्टिकोण र सन्दर्भहरूमा आधारित हुन्छन् । विचार निर्माण प्रक्रियाले हाम्रो सोचाइ र दृष्टिकोणमा उत्पन्न हुने विभिन्न विचारको संरचना र विकासमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । कुनै पनि विचार, वाद र वैचारिकी निर्माणसँग सम्बन्धित प्रमुख केही आधार छन् । जसमध्ये केहीको यहाँ चर्चा गरिएको छ । विचार निर्माणका आधारशिला : पहिलो, आधारभूत तथ्य, तथ्यांक- कुनै पृथक् वाद वा विचार निर्माणका लागि सही, आधिकारिक, वस्तुगत र आधारभूत तथ्य, तर्क र तथ्यांकको विशेष महत्त्व हुन्छ । यसले वस्तुगत विचारलाई ढालको रूपमा बलियो बनाउँछ । विचारलाई वास्तविक धरातलसँग जोड्न साँघुको काम गर्दछ । दोस्रो, ज्ञान वा अनुभव-विचार, वाद वा वैचारिकी व्यक्तिगत ज्ञान, सीप, अनुभव, अध्ययन, क्षमता र अवलोकनले विचार निर्माणमा विशिष्ट प्रधान भूमिका खेल्छ । प्रत्येक व्यक्तिको व्यावहारिक दक्षता, ज्ञान, सीपकला र अनुभवले उनीहरूको समग्र विचारधारात्मक सारभूत दृष्टिकोण तथा विचारमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । तेस्रो, शैक्षिक पृष्ठभूमि र पारिवारिक ज्ञान - जुन व्यक्तिको पारिवारिक वातावरण, पुर्ख्यौली शैक्षिक पृष्ठभूमि, पारिवारिक समानता वा असमानताको अवस्थाको स्तरले विचार निर्माणको आधार तयार गर्दछ । उसले बाल्यकालदेखि युवा, प्रौढावस्थासम्म आर्जन र अध्यनन गरिएका विविध विषय, सन्दर्भ र अनुभवहरूको समष्टि ज्ञानले नै विचार निर्माणमा अग्रभूमिका खेलेको हुन्छ । चौथो, पारिवारिक संस्कृति र सामाजिक व्यवस्था- कुनै मुलुक समृद्धि वा दुर्गतिको मूलकारण त्यो देशको नेतृत्वको पारिवारिक संस्कृति कस्तो छ ? भन्नेमा निर्भर रहन्छ । अर्थात्, त्यो नेतृत्वको परिवारबाट समानता वा असमानता गर्ने वातावरण छ कि छैन ? भन्ने सबाल प्रधान हुन्छ भने बाह्य वातावरण केवल सहायक भूमिकामा रहन्छ । तसर्थ, विचार वा वाद निर्माणमा पारिवारिक संस्कृति र सामाजिक व्यवस्थाले गहिरो असर पारेको हुन्छ । एक व्यक्ति वा देशको नेतृत्वको पारिवारिक संस्कृतिको पृष्ठभूमिले समग्रमा उसले सार्वजनिक वा निजी जीवनमा देखिने नैतिक मूल्यमान्यता, आचरण, व्यवहार, चिन्तन, प्रवृत्ति, सोच एवं कार्यशैलीले विचार, वाद वा वैचारिकी निर्माण, विकासमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । नेपालमा अहिले अधिकांश दलमा नागरिक र मुलुकलाई प्राथमिकतामा राखेर अगाडि बढ्ने स्पष्ट विचार भएको देखिँदैन । उनीहरू राजनीतिक विचार, दर्शन र सिद्धान्तबाट च्युत भइसकेका हुन् कि भन्ने भान नागरिकलाई परेको छ । पाँचौं, चिन्तनीय कौशलता र विश्लेषणात्मक क्षमता- सत्यतथ्य स्रोत सन्दर्भ, सामाजिक, राजनीतिक, आर्थिक एवं सांस्कृतिक परिवेशहरूलाई यथार्थवादको आधारमा गहन चिन्तन, मनन् र समाधानको उपाय सुझाउन सक्ने चतुर चिन्तनीय कौशलता र विश्लेषणात्मक क्षमताले विचार वा वाद निर्माणको आधार बन्ने गर्दछ । गहिरो चिन्तन र विश्लेषणले विचार निर्माणका आधारलाई मजबुत बनाएको हुन्छ । यस विश्वमा अस्तित्वमा आएका अरू विभिन्न विचार, वाद र वैचारिकीहरूको गहन अध्ययन, तुलना, निफन्ने कला वा सफा गर्ने कुचो, समीक्षा, तर्कसंगत निर्मम मूल्यांकन गर्न सक्ने क्षमता प्रदर्शित हुनुपर्छ । छैटौं, समन्वयात्मक सामाजिक संवेदनशीलता- देशको समग्र सामाजिक, राजनीतिक, धार्मिक, वस्तुस्थिति, समय, परिवेशका साथै विश्व राजनीतिक परिस्थितिको संवेदनशीलतालाई दीर्घकालीन आकलनबिना सही विचार प्रतिपादन गर्न सकिँदैन । आन्तरिक र बाह्य समन्वयात्मक सामाजिक संवेदनशीलता तथा सहिष्णुतालाई मध्यनजर गरिनुपर्छ । यसले विचार वा वाद निर्माणमा प्रत्यक्ष, अप्रत्यक्षरूपमा सकारात्मक प्रभाव पार्न सक्छ । सामाजिक विविधतालाई दृष्टिगत गरी बहुलता र विविधतामा आधारित विविध विचारलाई आत्मसाथ वा सहजरूपमा स्वीकार गर्दै उनीहरूबीचमा संवाद, सहमति, सहकार्य र एकता कायम गरिनुपर्छ । सातौं, आधुनिक विज्ञान-प्रविधिको समावेश- आजको युग हिजोको जस्तो मजदुर र श्रमिकको स्थानमा आधुनिक रोबोट र कृत्रिम बौद्धिकताले लिइएको छ । तसर्थ, दिन प्रतिदिन नयाँ वैज्ञानिक खोज, अनुसन्धान र तीव्र प्रविधिको विकासले निरन्तर मौलिक नयाँ प्रविधि र विचार आइरहेका छन् । यस्ता नयाँ र नवीनतम विज्ञान, प्रविधिहरूको विकासले विचार, वाद र वैचारिकी निर्माणमा युगान्तकारी परिवर्तन ल्याउँछन् । यस आधारमा विचार, वाद वा वैचारिकी निर्माण वा विकास विभिन्न घटनाक्रम, अवयव, कारण, परिवेश, अवस्था, व्यवस्था, वातावरण र कारकहरूको योगमा आधारित हुन्छ । यसरी, एक जटिल विधि र प्रक्रियाबाट विचार वा वादको आधारशीला प्रक्षेपणमा विशेष प्रभाव, असर पार्दछ । जसले समाजका हरेक व्यक्तिको सोचाइ, दृष्टिकोण र समग्र सामाजिक चिन्तनमा आमूल परिवर्तन ल्याउने ताकत राख्दछ । तसर्थ, राजनीतिक वैचारिकी निर्माण सामान्य विषयको रूपमा बुझ्नु परिपक्वता हुँदैन ।नेपाली राजनीतिको वैचारिक पतन : नेपालमा अहिले कुनै दलमा नागरिक र मुलुकलाई प्राथमिकतामा राखेर अगाडि बढ्ने स्पष्ट विचार छैन । उनीहरू राजनीतिक विचार, दर्शन र सिद्धान्तबाट च्यूत भइसकेका छन् । हिजो बीपी कोइरालाको समयको गरिबलाई माथि उठाउने प्रजातान्त्रिक समाजवादी सिद्धान्त बोकेको कांग्रेस आज जीवित छैन । आजको कांग्रेस सुकिला, मुकिला र नवधनाढ्यमा उक्लिएको एक कम्पनीमा रूपान्तरण भई पतोन्मुख छ । नामधारी कम्युनिस्टहरूको हालत पनि उस्तै छ । हिजोको माओवादी आजको अर्को एमाले बनेको भन्ने सुनिन्छ । युरोपको जर्मनीमा प्रतिपादन र विकास भएको मार्क्सवाद एसियाको भारत, नेपालसम्म आइपुग्दा विकृत बनाइयो । जबसम्म नरबहादुर कर्माचार्य, पुष्पलाल श्रेष्ठ र रूपलाल विश्वकर्माको पकडमा कम्युनिस्ट पार्टी रहँदा विचार, सिद्धान्त र नीतिमा अडिग थियो । तर जहिलेबाट अरूले नेतृत्व लिए तबदेखि कम्युनिस्ट आचरण, व्यवहार, विचार र सिद्धान्त पतनको बाटोमा गयो । आज त्यसकै असर नाम र ब्यानरका फरक फरक दल मिलेर मिलिजुली घुम्ने कुर्सी खेलजस्तो सत्ताको खेल चलिरहेको छ । मधेसवादी दलहरूको कुनै स्पष्ट राजनीतिक विचार, वाद वा वैचारिकी देखिँदैन । उनीहरू क्षेत्रीयवाद र विचारलाई बोकेर

बाँकी तेश्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय समाचार

## डिनर पार्टी चलिरहँदा ट्रम्पका अधिकारीहरूले झगडा गरेपछि...

*काठमाडौं,२५ भदौ ।*

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका प्रशासनिक अधिकारीहरू एकअर्कासँग झगडा गरिरहेका छन् । ट्रम्पका सल्लाहकार शाखाका दुई अधिकारीहरूबिच हालै एक डिनर पार्टीमा झगडा भएको हो । यो कुरा यति बढ्यो कि एकले अर्कोलाई मुक्का हान्ने धम्कीसमेत दिए । पछि पार्टीमा उपस्थित अन्य व्यक्तिहरूले दुवैलाई शान्त पारे । डिनर पार्टी र अमेरिकी राजनीतिक सर्कलमा यसबारे निकै छलफल भइरहेको छ । यो घटना २०२५ को अगस्ट ३ को हो । ट्रम्प प्रशासनका अधिकारीहरू पोडकास्टर चामथ पलिहापिटियाको जन्मदिनको पार्टीमा भाग लिन वाशिंगटन डीसीको जर्जटाउनको एउटा क्लबमा पुगेका थिए । ट्रम्पका अर्थमन्त्री स्कट बेसेन्ट र आवास वित्त प्रमुख बिल पुल्टे पनि यस पार्टीमा उपस्थित थिए । पार्टीको क्रममा ककटेल सुरु हुनेबित्तिकै बेसेन्टले पुल्टे विरूद्ध अपशब्द प्रयोग गर्न थाले । ट्रम्पको अगाडि पुल्टेले उनको बारेमा चाहिँदा नचाहिँदा कुरा गरिरहेका थिए भनेर कसैले बेसेन्टलाई सुनाइदिए । बेसेन्टले



रिसाउँदै पुल्टेलाई 'तैले राष्ट्रपतिसँग किन मेरो बारेमा कुरा गरिरहेको छस् ? म तिम्रो अनुहारमा मुक्का हानिदिन्छु' भने । दुई अधिकारीबिचको झगडा देखेर क्लबका सह-मालिक ओमस्द मलिक त्यहाँ पुगे । बेसेन्टले चिच्याउँदै मलिकसँग पुल्टेलाई क्लबबाट बाहिर निकाल्न भने । या त यहाँ म बस्छु कि ऊ बस्छ । मलाई भन यहाँबाट को बाहिर जाँदैछ ?' उनी चिच्याउँदै भनिरहेका थिए । यसमा पुल्टेले 'म किन बाहिर जानु ?' भनेर सोधे । त्यो सुनेर बेसेन्टले अपशब्द प्रयोग गरे । विवाद बढ्दै गएको देखेपछि मलिकले दुईलाई अलग गरे र बेसेन्टलाई क्लबको अर्को भागमा लगे । डिनरको समयमा पनि दुवैलाई टेबलको फरक-फरक छेउमा बस्न लगाइयो । यस घटनाबारे पार्टीमा निकै चर्चा भएको थियो ।

पार्टीमा यातायात मन्त्री सीन डफी, वाणिज्य मन्त्री हावर्ड लुटनिक, आन्तरिक मामिला मन्त्री डग बर्गम, कृषि मन्त्री ब्रुक रोलिन्स, राष्ट्रिय गुप्तचर निर्देशक तुलसी गब्बार्ड, एसबीए प्रशासक केली लोफ्लर, मेडिकेड प्रमुख मेहमेट ओज र उद्यमी डेभिड स्याक्स थिए ।

## कतारमा इजरायली हवाई आक्रमण, हमासका पाँच सदस्य मारिए

*काठमाडौं,२५ भदौ ।*

कतारको राजधानी दोहामा इजरायलले गरेको हवाई आक्रमणमा हमासका कम्तीमा पाँच सदस्य मारिएका छन् । तर हमासले आफ्नो वार्ता टोलीलाई लक्षित गरिएको हत्या प्रयास भने असफल भएको दाबी गरेको छ ।हमासका अनुसार अमेरिकी प्रस्तावमा आधारित गाजामा युद्धविरामबारे छलफल चलिरहेको बेला दोहाको एक आवासीय कम्पाउन्डमा आक्रमण भएको हो । विस्फोटका कारण भवन क्षतिग्रस्त भएको जनाइएको छ । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले सो आक्रमणलाई 'पूर्णतया न्यायोचित' भन्दै यसले २०२३ अक्टोबर ७ मा भएको इजरायलमाथिको आक्रमण आयोजना गर्ने हमास नेताहरूलाई लक्षित गरेको बताए । कतारले भने सो आक्रमणलाई 'कायरतापूर्ण' र 'अन्तर्राष्ट्रिय कानुनको उल्लङ्घन' भन्दै कडा निन्दा गरेको छ । कतारी गृह मन्त्रालयका अनुसार एक सुरक्षा अधिकारी मारिएका छन् र केही घाइते भएका छन् । तर हमास सदस्यबारे भने केही उल्लेख गरिएको छैन । हाउसका अनुसार अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले यस घटनालाई 'दुर्भाग्यपूर्ण' भने पनि हमासको अन्त्य 'उचित लक्ष्य' भएको बताएका छन् । कतार अमेरिकाको प्रमुख सहयोगी देश हो, जहाँ ठुलो अमेरिकी हवाई अड्डा रहेको छ । सन् २०१२ देखि कतारले हमासको राजनीतिक ब्यूरोलाई आश्रय दिँदै आएको छ र उसैमार्फत अमेरिका तथा इजिप्टसँग मिलेर इजरायल-हमासबिचका अप्रत्यक्ष वार्तामा मध्यस्थता गर्दै आएको छ । दोहामा बस्ने स्थानीयवासीका अनुसार मंगलबार दिउँसो करिब आठवटा विस्फोटको आवाज आएको र सहरको उत्तरी कतारा क्षेत्रमा धुवाँ उडेको देखिएको थियो । कतारी अधिकारीहरूले आक्रमण हमास राजनीतिक ब्युरोका सदस्यहरू बस्ने आवासीय भवनमा भएको बताएका छन् । इजरायलले केही मिनेटमै आक्रमणको जिम्मा लिएको थियो । इजरायली सेना र गुप्तचर निकाय शिन बेटले 'वरिष्ठ नेताहरूलाई लक्षित गरिएको सटीक आक्रमण' भएको बयान जारी गरे ।इजरायली सञ्चारमाध्यमका अनुसार सो आक्रमणमा १५ वटा लडाकु विमान परिचालन गरिएको थियो र १० वटा बम एउटै लक्ष्यमा केही सेकेन्डभित्र प्रहार गरिएको थियो । आक्रमणमा लक्षित व्यक्तिहरूमध्ये हमासका प्रमुख वार्ताकार तथा निर्वासित गाजा नेता खालिल अल-हैय्या र पश्चिम तट (वेस्ट बैंक) का निर्वासित नेता जाहेर जबारिन रहेको प्रारम्भिक जानकारी इजरायली अधिकारीहरूले दिएका छन् ।

## स्वदेश फर्किँदै अमेरिकामा समातिएका दक्षिण कोरियाली अवैध कामदार

*काठमाडौं,२५ भदौ ।*

अमेरिकामा पक्राउ परेका दक्षिण कोरियाली अवैध आप्रवासीहरू स्वदेश फर्किने भएका छन् । जर्जिया राज्यमा रहेको ह्युन्डाईको कारखानामा छापा मार्ने क्रममा ठुलो सङ्ख्यामा दक्षिण कोरियाली अवैध आप्रवासी समातिएका थिए । स्थानीय समयअनुसार बुधवार १४:३० बजे तिनीहरू दक्षिण कोरियाका लागि उड्ने भन्दै अन्तर्राष्ट्रिय समाचार संस्था रोयटर्सले समाचार छापेको छ । बुधवार बिहान इन्छेओन विमानस्थलबाट चार्टर विमान उडिरहेको दक्षिण कोरियाली टेलिभिजनले प्रसारण गरेको थियो । बिहीबार बन्दी कामदारलाई बोकेर विमान दक्षिण कोरिया फर्किने बताइएको छ ।

अमेरिकी विदेश मन्त्री मार्को रुबियोले दक्षिण कोरियाली विदेश मन्त्री चो ह्युनलाई बुधवार बिहान ह्वाइट हाउसमा भेट्नु अघि यो खबर आएको हो । यस्ता घटना दोहोरिन नदिन अमेरिकासँग मिलेर काम गर्ने सोमबार वासिङ्टनका लागि उड्नु अघि चोले भनेका थिए ।

गएको हप्ता अमेरिकी अधिकारीहरूले ह्युन्डाइको ब्याट्री बनाउने कारखानामा गैर कानुनी रूपमा काम गरिरहेको ४७५ जना मानिसलाई समातेका थिए । यीमध्ये ३०० भन्दा धेरै दक्षिण कोरियाली थिए ।

## जस्तो स्वभाव....................

देश, समाज अर्थात् मातृभाषाको समुन्नतिमा उल्लेखनीय योगदान पुऱ्याउने प्रतिभा एव विशिष्ट व्यक्तित्वहरूलाई सम्मान वा पुरस्कार प्रदान गर्ने विधानमा उल्लेख छ । यस्तै, विपत् वा कुनै आकस्मिक घटनामा सहयोग, उद्धार एवं राहत प्रदान गर्ने । विभिन्न किसिमका अशक्त, असहाय, उत्पीडित एवं कमजोर वर्गका उत्थानका लागि सहयोग गर्ने आदि गर्ने ट्रस्टको उद्देश्य छन् ।यो 'होमबहादुर-प्रेमकुमारी श्रेष्ठ मातृभूमि पहिचान ट्रस्ट' २०७२ मंसिरमा दम्पतीको ५५औं वैवाहिक वर्षगाँठको अवसरमा स्थापना गरिएको ट्रस्ट २०८० साउन ७ गते काठमाडौंमा औचारिक शुभारम्भ भएको थियो । साभार अन्नपूर्ण पोस्ट ।

## मिसन ८४ मा राजनीति.....

सत्तामा रमाउँदै ठिक्क छ ।उनीहरू पहाडिया सत्तासँग सत्ता मोलमोलाई तथा यथास्थितिवादकै मलजलमा फसेका छन् । तराई-मधेसको विकास, निर्माण, गरिबी, विपन्नता, अभाव, अन्याय र अपराधको आँकडाले यसलाई पुष्टि गर्दछ । रास्वपा जसरी अस्वाभाविक रूपमा उदायो, त्यसैगरी समाप्त हुँदैछ वा पारिँदैछ । यो पार्टीले कतिपय राष्ट्रिय मुद्दा, विषयहरूमा अस्पष्ट, अन्योल र अपरिपक्वता देखाउँदै आएको छ । अधिकांश विषयमा आफ्नो पार्टीको नीति, सिद्धान्तमा अडिएको, नागरिक र मुलुकको हितमा रहेको नेपाल मजदुर किसान पार्टीलाई लिन सकिन्छ । अरू सबैजसो दल र नेतृत्व सत्तालाई नै प्राथमिकता दिएको पाइन्छ । कतिपयले छुट्टै पार्टी खोलेर पुन : पुरानै पार्टीमा फर्किने लहरहरूसमेत चलेको पाइन्छ । नेतृत्व वा नयाँ विचारमा विचलन : डा.बाबुराम भट्टराईले माओवादी पार्टीसँग विरक्तिएर नयाँ शक्ति पार्टी खोलेर केही वर्ष अभ्यास गरे । केही वर्षपछि बिस्तारै नयाँ शक्ति पार्टी उकालो लाग्दै थियो । तर विभिन्न पार्टीमा एकता गर्दै पुन : सत्ताकै नजिक पर्न थालेकाले गति नलिँदै तहसनहस बन्यो । वैकल्पिक राजनीति र नयाँ विचार दिन उदाएका साझा पार्टी र विवेकशील एक भई विवेकशील साझा पार्टी बन्यो । तर पार्टीमा रवीन्द्र मिश्रको प्रवेशले गञ्जागोल र लथालिंग बन्न पुग्यो । रवि लामिछानेको रास्वपाको गति, मति पुराना दलभन्दा फरक नभएकाले जनताको आशा निराशामा परिणत भइरहेको छ । साभार अन्नपूर्ण पोस्ट ।

## जेनजी प्रतिनिधि..........

घेरा तोड्दै बानेश्वरस्थित संसद् भवनमा प्रवेश गरेका थिए । संसद् भवनमा आगजनीपछि जेनजी युवा अन्यत्र प्रस्थान गरेका थिए । त्यसपछि सिंहदरबार, सर्वोच्च अदालत लगायतका प्रशासनिक केन्द्रमा पनि आगजनी र तोडफोडको घटना देखिएको थियो । सैनिक सूचना तथा जनसम्पर्क निर्देशनालयले नागरिकलाई ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक र राष्ट्रिय सम्पत्ति सुरक्षित राख्न सबैको साझा जिम्मेवारी भएको थियो ।

## कक्षा १२ को...............

छ । यस निर्णयसँगै मौका परीक्षा दिन तयारीमा रहेका विद्यार्थीहरूलाई थप पर्खाइ सहनुपर्ने भएको छ ।

## पर्साका सिडिओ...........

सुवेदीको जिल्लामा गृहमन्त्रीको उपस्थितिसँगै हैजा नियन्त्रण मात्र नभएर अन्य प्रशासनिक विषय पनि छलफलमा रहेको अनुमान गरिएको थियो । गृहमन्त्री रमेश लेखकले भदौ २३ गते राजीनामा दिएपछि पनि पर्सामा आन्दोलन चर्किँदा जिल्ला कमाण्डरको रूपमा सुवेदीलाई सेनाको ब्यारेकमै उपचार गर्नु परेको स्थानीय स्रोतले जनाएको छ ।

## बारामा कर्फ्यू.............

छ ।कर्मीहरू लगातार पहरा दिइरहेका छन् । प्रशासनले कर्फ्यू उल्लंघन नगर्न सर्वसाधारणलाई आग्रह गरेको छ ।

**नेपाल पोष्ट डेली ई -पेपरका लागि स्क्यान गर्नुहोस्**

## कोही नभए देशको नेतृत्व लिन तयार : सागर ढकाल

*काठमाडौं,२५ भदौ ।*

जेन्जीहरूको गुगल मिटमा बुधवार बोल्दै सागर ढकालले आफू देशको नेतृत्व गर्न तयार रहेको बताएका छन् । उनले भने, "तपाईंहरूबाट नेतृत्व लिन नसक्ने वा कोही अघि नआए म आउन सक्छु ।" ढकालले २०८४ को चुनाव लड्न डडेल्धुरामा रहेपनि जेन्जी आन्दोलनलाई समर्थन गर्दै आएको बताए ।

उनले सर्वेक्षण अनुसार करिब ९० प्रतिशतले सुशीला कार्कीलाई पनि समर्थन गरेको जानकारी सुनाएका छन् । यो घोषणा जेन्जी आन्दोलनको नेतृत्व र भविष्यको दिशा तय गर्ने सन्दर्भमा गरिएको ठहरिएको छ ।

# स्वास्थ्य

## प्रसूति गृहको इतिहासदेखि आधुनिक सेवासम्मको यात्रा



परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल नेपालको एक मात्र स्त्री रोग अस्पताल हो । यो अस्पताल प्रसूति गृहको नामले चिनिन्छ । नेपालको स्वास्थ्य क्षेत्रमा एक महत्वपूर्ण संस्थाको रूपमा स्थापित परोपकार प्रसूति तथा स्त्री रोग अस्पतालले महिलाहरूको स्वास्थ्य र मातृत्व सुरक्षामा अमूल्य योगदान दिइरहेको छ । यो अस्पतालले विशेष गरी प्रसूति, स्त्री रोग र नवजात शिशुको स्वास्थ्यमा केन्द्रित रही नेपालको स्वास्थ्य सेवामा ऐतिहासिक भूमिका निर्वाह गरेको छ । **स्थापना र प्रारम्भिक इतिहास** परोपकार प्रसूति तथा स्त्री रोग अस्पतालको स्थापना वि.सं. २०१६ मा भएको हो । यो अस्पताल तत्कालीन राजा महेन्द्र शाहकी पत्नी इन्द्रराज्य लक्ष्मी देवी शाहको नाममा स्थापना भएको थियो । स्थापनाको समयमा यो अस्पताल परोपकार संस्थाको सहयोगमा अस्पतालको जग्गा सिंह शमशेरले प्रदान गरेका थिए । इन्द्रराज्य लक्ष्मी देवी शाहको सुत्केरी हुन नसकेर मृत्यु भएको थियो । यही कारण यस खालको समस्याबाट अरूको पनि मृत्यु नहोस् भन्ने उद्देश्यले उनको नाममा अस्पताल स्थापना गरिएको कुरा इतिहासमा उल्लेख छ । परोपकार प्रसूति तथा स्त्री रोग अस्पताल नेपालको गौरवशाली स्वास्थ्य संस्था हो, जसले ६६ वर्षको अवधिमा लाखौं महिलाहरूलाई प्रसूति र स्त्री रोग सम्बन्धी सेवा प्रदान गरेको छ । **विस्तार र विकास** अस्पतालले ६६ वर्षको अवधिमा उल्लेखनीय प्रगति गरेको छ । सुरुमा ४० बेडबाट सुरु भएको यो अस्पताल हाल ५१५ बेडको क्षमतामा सञ्चालित छ, र ७०० बेडमा विस्तार गर्ने प्रस्ताव सरकारसमक्ष पेश गरिएको छ । प्रत्येक वर्ष यहाँ २२ हजारदेखि २४ हजार महिलाको प्रसूति गराइन्छ । अस्पतालले प्रसूति सेवासँगै स्त्री रोगसम्बन्धी विभिन्न सेवाहरू प्रदान गर्दै आएको छ, जसमा पाठेघर खस्ने, पाठेघरको ट्युमर, क्यान्सर, रक्तस्राव, अण्डाशयको ट्युमर र प्रजनन सम्बन्धी समस्याहरूको उपचार समावेश छ । **विशिष्टकृत सेवाहरू** अस्पतालले समयसँगै विशिष्टकृत सेवाहरू विस्तार गरेको छ । परोपकार प्रसूति गृह नेपालको पहिलो सरकारी अस्पताल हो जसले निः सन्तान उपचार 'आईभीएफ' सेवा सुरु गरेको छ । यो सेवा कुपण्डोलमा रहेको आईभीएफ केन्द्रमा व्यवस्थित रूपमा सञ्चालित छ । यो केन्द्रलाई उत्कृष्टता केन्द्र (सेन्टर अफ एक्सिलेन्स) बनाउने योजना छ, र हालसम्म ५ प्रदेश चिकित्सक र नर्सहरूलाई तालिम प्रदान गरिएको छ ।

गरिब तथा वातावरणिय कृषि विकास -दिगो विकासको आधार
**महागढीमाई नगरपालिकाको कार्यालय**
**बरियारपुर, बारा**

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
कालिकामाई गाँउपालिकाको
कार्यालय, पर्सा

वातावरण हामी सबैको साझा सम्पत्ति हो ।
फेटा गाँउपालिकाको
कार्यालय, फेटा, बारा

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको
कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौ,नाद,खुटा आदी नराखौं ।
**करैयामाई गाउँपालिकाकोकार्यालय**
**करैया, बारा**

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता व्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
**पटेर्वा सुगौली गाउँपालिकाको कार्यालय**
**पटेर्वा सुगौली, पर्सा**

# जेनजीकै परिकल्पना अनुसार देश अघि बढ्नुपर्छ : रवि लामिछाने

**काठमाडौं, २५ भदौ ।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले मुलुकको नेतृत्व अब जेनजी पुस्ताको माग र परिकल्पना अनुसार अघि बढ्नुपर्ने बताएका छन् । मंगलबार नख्खु कारागारबाट रिहा भएपछि उनले आफू नागरिक सर्वोच्चताको पक्षमा दृढ रहेको स्पष्ट पारे । लामिछानेले देश लुटेराहरूको सम्पत्ति राष्ट्रियकरण गर्नुपर्नेमा जोड दिए । "यी लुटेराहरूले तीन पुस्तासम्म देशको सम्पत्ति लुटेका छन् । बाँकी सम्पत्ति समेत पूर्ण रूपमा राष्ट्रियकरण गरिनुपर्छ र कानुनी दायरामा ल्याउनैपर्छ," उनले भने । उनले मुलुकका संवेदनशील दस्तावेज र सार्वजनिक सम्पत्तिको संरक्षणमा सबै संयमित भएर लाग्न आग्रह गरे । "प्रहरी, न्यायालय लगायतका निकायसँग सम्बन्धित कागजात राष्ट्रका अमूल्य सम्पत्ति हुन् । तिनको क्षति हुँदा देशलाई नै गम्भीर नोक्सानी पुग्छ," उनले चेतावनी दिए । लामिछानेले आफ्नो रिहाइ कानुनी प्रक्रियाअनुसार भएको बताए र भविष्यमा पनि कानुनप्रति बफादार रहने प्रतिबद्धता जनाए । उनले सबैलाई संयमित रहन आग्रह गर्दै आन्दोलन जेनजीकै हो र अबको नेतृत्व पनि जेनजीकै माग अनुसार अघि बढ्नुपर्नेमा आफू स्पष्ट रहेको बताए । यसैबीच, केही जेनजी युवाले भने कैदीबन्दीलाई जेलमुक्त गर्ने उद्देश्य आफूहरूको नभएको र त्यसको जिम्मा नलिने प्रतिक्रिया दिएका छन् । हाल नख्खुसहित विभिन्न कारागारबाट कैदीहरू निस्किरहेका छन् ।



# जेनजी प्रतिनिधि भेटघाटमा: प्रधानसेनापतिले भने-पहिले सबै मिलेर आउनुस

**काठमाडौं, २५ भदौ ।**



जेनजी आन्दोलनका प्रतिनिधिहरू बुधबार नेपाली सेनाको मुख्यालय जंगीअड्डा पुगेका छन्, राष्ट्रपति रामचन्द्र पौडेलको संवाद आह्वानअनुसार । सोमबार-मंगलबारको हिंसात्मक घटनापछि सिर्जित परिस्थितिमा संवादको पहलको रूपमा यो भेट भएको हो । सैनिक स्रोतका अनुसार जेनजीका १५-१६ जना प्रतिनिधि प्रारम्भिक रुपमा प्रधानसेनापति अशोकराज सिग्देलसँग भेटे । तर, प्रतिनिधिको संख्या बढी देखिएपछि सिग्देलले सबै समूह पहिले एकमत भएर वार्ताको टेबलमा बस्न तयार हुन आग्रह गरेका छन् । "यो विषम परि स्थितिमा सबै पक्षको आवाज समेटेर वार्ता अघि बढाउनुपर्छ," सिग्देलले भनेका छन् । जंगीअड्डाभित्र अहिले जेनजी प्रतिनिधिहरू छुट्टै छलफलमा जुटेका छन् र संवादका लागि एकजना संयोजक तोक्न निर्देशन दिइएको छ । प्रारम्भिक छलफलको निष्कर्ष आएपछि मात्र राष्ट्रपतिको उपस्थितिमा औपचारिक वार्ता हुने सैनिक स्रोतले जानकारी दिएका छन् । यसअघि राष्ट्रपति कार्यालयले मंगलबार विज्ञप्ति जारी गर्दै जेनजी प्रदर्शनकारीलाई संयमित रहन र संवादमार्फत समस्या समाधान गर्न आह्वान गरेको थियो । "लोकतन्त्रमा नागरिकको माग वार्ता र संवादमार्फत समाधान गर्न सकिन्छ, त्यसैले सबै पक्षलाई संयमित हुन अपिल गर्दछु," विज्ञप्तिमा उल्लेख थियो ।
जेनजी युवा समूहले भ्रष्टाचार विरोधी 'नेपोबेविज' अभियानमा सक्रिय रहँदै सामाजिक सञ्जालमा आक्रोश व्यक्त गरेका थिए । सरकारले फेसबुक, एक्ससहित २५ सामाजिक सञ्जालमा प्रतिबन्ध लगाएपछि सडक प्रदर्शन सुरु भएको थियो । सोमबारको प्रदर्शनमा प्रहरीको बल प्रयोगका कारण कम्तिमा १९ जना मृत्यु भएका र २०० भन्दा बढी घाइते भएका थिए । मंगलबार प्रशासनिक कर्फ्यूको बाबजुद प्रदर्शनकारीहरूले सुरक्षा

बाँकी तेश्रो पृष्ठमा⇨

# जेनजी आन्दोलनमा दुई दिनमा २५ मृत्यु: सात सय घाइते, ४१३ डिस्चार्ज

**काठमाडौं, २५ भदौ ।**

सोमबार र मङ्गलबार भएको जेनजी आन्दोलनका क्रममा २५ जनाको मृत्यु भएको छ भने सात सय भन्दा बढी घाइते भएका छन् । स्वास्थ्य मन्त्रालयका अनुसार उपचारपछि ४१३ घाइते डिस्चार्ज भएका छन् । हाल एक सय ९७ जना विभिन्न अस्पतालमा उपचाररत छन् । मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीका अनुसार बुधबार बिहानसम्म प्राप्त तथ्यांक अनुसार सबैभन्दा बढी मृत्यु आठ जना राष्ट्रिय ट्रमा सेन्टरमा भएका हुन् । सिभिल अस्पतालमा ६, एभरेष्ट र फ्रन्टलाइन अस्पतालमा तीन-तीन, काठमाडौं मेडिकल कलेज सिनामंगल र बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा दुई-दुई, र त्रिवि शिक्षण अस्पतालमा एक जनाको मृत्यु भएको छ । सिभिल अस्पतालमा उपचारका लागि आएका २४९ घाइतेमध्ये १५ जनाको शल्यक्रिया भइसकेको छ भने अन्य ९ जनाको शल्यक्रिया गर्ने योजना छ । ट्रमा सेन्टरमा भर्ना भएका ७१ जना घाइतेमध्ये ११ जनाको शल्यक्रिया गरिएको छ ।



# विराटनगरमा बालसुधार गृह र प्रहरी हिरासतबाट दुई सयभन्दा बढी फरार

**विराटनगर, २५ भदौ ।**

मोरङमा एकै दिन दुई ठाउँबाट ठूलो संख्यामा बन्दी फरार भएका छन् । विराटनगर-३ मा रहेको बालसुधार गृहबाट बुधबार बिहान २ सयभन्दा बढी बालबन्दी भागेका हुन् । प्रहरीका अनुसार सो सुधार गृहमा २५५ जना बालबन्दीमध्ये करिब ५० जना मात्र भित्रै रहेका छन् । बाँकीले मुख्य गेटको ताल्चा फुटाई सुरक्षाकर्मीलाई हराएको अवस्थामा पार्दै फरार भएको प्रहरी नायब उपरीक्षकले जानकारी दिए । घटनाको समयमा सुधारगृह सुरक्षाका लागि २० भन्दा बढी सुरक्षाकर्मी खटिएका थिए । फरारमध्ये हालसम्म करिब ६० जनालाई नियन्त्रणमा लिइसकिएको छ ।

पक्राउ परेकाहरूलाई पुनः सुधारगृहमै राखिएको छ । उनीहरूको खोजीका लागि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालन गरिएको छ । स्थानीयले समेत भेटिएका फरारलाई समातेर सुरक्षाकर्मीलाई बुझाइरहेका छन् । यसैबीच, मोरङकै इलाका प्रहरी कार्यालय पथरीबाट १४ जना र उर्लाबारीबाट १९ जना थुनुवा फरार भएको प्रहरीले पुष्टि गरेको छ । सुरक्षाकर्मीले सबै फरारलाई खोजी गर्न व्यापक अभियान चलाइरहेका छन् ।




# जनकपुरधाममा सेनाले नियन्त्रण सम्हाल्यो आगजनी र लुटपाट रोकियो

**जनकपुर, २५ भदौ ।**

जेनजी आन्दोलनपछि मंगलबार राति देखि जनकपुरधाममा फैलिएको आगजनी र लुटपाटलाई नियन्त्रणमा लिन नेपाली सेनाले मोर्चा सम्हालेको छ । आन्दोलनका क्रममा भन्सार कार्यालय, प्रहरी चौकी, उपमहानगरपालिका कार्यालय, यातायात कार्यालय, विभिन्न राजनीतिक दलका कार्यालय, मन्त्रिपरिषद् कार्यालय, शिक्षा, कृषि र भौतिक पूर्वाधार मन्त्रालय तथा मधेस प्रदेश सभा भवनमा व्यापक तोडफोड, आगजनी र लुटपाट भएको थियो ।

विशेष गरी उपमहानगरपालिकाको नयाँ पाँच तले भवनमा भएको आगजनीबाट करिब २०० ग्यास सिलिन्डर विस्फोट भएको थियो । भवनमा रहेका कम्प्युटर, ल्यापटप, प्रिन्टर, कुर्सी-टेबललगायत सम्पूर्ण सामग्री लुटेर आगो लगाइएको थियो । भन्सार कार्यालयमा सयौं मोटरसाइकल लुटिएका थिए भने मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका कम्प्युटर, ल्यापटप लगायतका विद्युतीय उपकरण पनि नष्ट भएका थिए । बुधबार बिहानसम्म पनि लुटपाट जारी रहँदा नेपाली सेनाले हस्तक्षेप गरी स्थिति नियन्त्रणमा लिएको छ । सेनाले अशान्ति बढाउने गतिविधि नगर्न र संलग्नहरूमाथि कडा कारबाही हुने चेतावनी दिएको छ ।




# कक्षा १२ को मौका परीक्षा अनिश्चितकालका लागि स्थगित

**काठमाडौं, २५ भदौ ।**

राष्ट्रिय परीक्षा बोर्डले आगामी भदौ २८ र २९ गते निर्धारित कक्षा १२ को मौका (पूरक) परीक्षा स्थगित गर्ने निर्णय गरेको छ । बोर्डले बुधबार विज्ञप्ति जारी गर्दै देशमा उत्पन्न विशेष परिस्थितिका कारण परीक्षा अर्को सूचना प्रकाशन नभएसम्मका लागि रोकिएको जानकारी दिएको हो ।बोर्डका अनुसार स्थगित परीक्षाको नयाँ तालिका पछि सार्वजनिक गरिनेछ । साथै, संशोधित तालिका प्रकाशित गर्दा कम्तीमा सात दिनको समयावधि दिइने पनि स्पष्ट गरिएको

बाँकी तेश्रो पृष्ठमा⇨

# त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल पुन: सञ्चालनमा

**काठमाडौं, २५ भदौ ।**

मंगलबार बन्द रहेको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बुधबार दिउँसो साढे तीन बजेदेखि पुनः सञ्चालनमा आएको छ । नेपाल उड्डयन नागरिक प्राधिकरणका अनुसार, विमानस्थल सुरक्षा समितिको बैठकले बन्द गरिएको विमानस्थललाई सुचारु गर्ने निर्णय गरेको हो । प्राधिकरणले जारी गरेको विज्ञप्तिमा विमानस्थल सञ्चालनमा आएको जानकारी दिइएको छ । काठमाडौं विमानस्थल प्रशासनले यात्रुहरूलाई आफ्ना टिकट किनेका एजेन्सी वा सम्बन्धित वायुसेवा कम्पनीसँग सम्पर्क गरी मात्रै विमानस्थलमा आउन आग्रह गरेको छ ।


## विद्युतीय व्यापार (इ-कमर्स) मा ध्यान दिनुपर्ने कुराहरु ।

❖विश्वसनीय वेबसाइट वा मोबाइल एप पहिचान गरेर मात्र प्रयोग गरौं,
❖व्यक्तिगत जानकारी (जस्तैः OTP, पासवर्ड र बैंक विवरण) कसैसँग पनि साझा नगरौं,
❖सुरक्षित डिजिटल वालेट प्रयोग गरौं,
❖सामान खरिद गर्नु अघि राम्रोसँग विवरण पढेरमात्र खरिद गरौं,
❖खरिद गरेको सामाग्री बिग्रीएको वा गलत आयो भने फिर्ता गर्न मिल्छ/मिल्दैन सो बारे जानकारी राखौं,
❖फेसबुकलगायत अन्य सञ्चारमाध्यममा देखिएको विज्ञापन लिंक खोल्नु अघि सावधानी अपनाउने गरौं,
❖ठगीको मनासायले गरिने अत्यधिक सस्तो सामाग्री प्रति सचेत रहौं,
❖आफूले प्रयोग गरिरहेको वस्तु वा सेवा प्रदान गर्ने फर्म कानुनी रूपमा दर्ता भए/नभएको एकिन गरौं,
❖खरिद गरेका सामग्रीको विल सुरक्षित राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जन्म दर्ता,मृत्यु दर्ता,विवाह दर्ता,सम्बन्ध बिच्छेद एवम बसाई सराई जस्ता ब्यक्तिगत घटना समयमै दर्ता गराऔं ।
पकहामैनपुर गाउँपालिकाको कार्यालय, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाउँपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
बिन्दवासिनी गाँउपालिकाको कार्यालय, बिन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा